# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

(कृषि विकास शाखा)

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:२०७९/२०८०(कृषि)

च.नं.: 32

मितिः-२०७९/०५/०८

बिषय : सुचना पठाईएको सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै ।

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९/०५/०८ गते प्रकाशन गरिएको **साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) तरकारी विकास कार्यक्रम-१** सम्बन्धी सुचना पठाईएको छ,उक्त सुचना तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरी कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक कृषक समुह/कृषि सहकारी/कृषि फर्महरुलाई जानकारी गराई दिन हुन अनुरोध गरिन्छ ।

2079।5।8

कृषि विकास अधिकृत

(अधिकृत स्तर आठौं)

बोधार्थ :

श्री नगर प्रमुखको सचिवालय

श्री नगर उपप्रमुखको सचिवालय

श्री सुचना प्रविधि शाखा : धनगढी उपमहानगरपालिकाको वेवसाइट मा राखि दिन हुन ।

**(नोट : उक्त कार्यक्रम धनगढी उपमहानगरपालिकामा जम्मा १ वटा मात्रै सञ्चालन गरिने छ ।)**

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०७९/२०८०

च.नं.:

मिति:२०७९/०५/०८

**साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) तरकारी बिकास कार्यक्रम सञ्चालनको लागि निबेदन माग गरिएको सुचना**

धनगढी उप-महानगरपालिकाका आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार **साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) तरकारी बिकास कार्यक्रम–१** बटा (कम्तीमा ३० बिगाहामा बर्ष भरी तरकारी खेती गर्न) सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समुह/कृषि सहकारी/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७९।५।२२गते) भित्र धनगढी उप-महानगरपालिका कृषि बिकास शाखामा तोकिएको ढाँचा अनुसार निवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

(राम लाल श्रेष्ठ)

प्रमुख प्रशासकिय अधिकृत

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१) कृषि समुह/संहकारी/संस्था/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको फोटोकपी।

२) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा ३० बिगाहा) को जग्गाधनी दर्ता प्रमाण पुर्जाको फोटोकपी वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौताको फोटोकपी वा ऐलानी जग्गा भए वडा कार्यालयको सिफारिस।

३) कार्यक्रममा संलग्न हुने कृषकहरुको नागरिकता प्रमाणपत्रको फोटोकपी।

४) कृषक समुह/सहकारीको कार्य समितिको निर्णयको फोटोकपी।

५) संचालन गर्ने कार्यक्रम र बजेट बिबरण (कम्तीमा ५० प्रतिशत जनसहभागिता सहित)

६) सम्बन्धित वडा कार्यालयको सिफारिस र कृषि सहकारी/कृषि फर्मको वडा कार्यालयमा ब्यबसाय दर्ता गरेको प्रमाण पत्रको फोटोकपी।

**थप जानकारीका लागी धनगढी उप-महानगरपालिका कृषि विकास शाखा वा ०९१–५२५०५९ मा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ।**